# मिति २०७३/०५/०७ गते वसेको जि.वि.स. वोर्ड वैठकको निर्णय

**निर्णय नं. १:**

जिल्ला विकास समिति काठमाण्डौले आ.व.०७३।७४ को ढुङ्गा बालुवा एवं माटो व्यवस्थापनका लागी मिति २०७३।३।१४ मा सूचना प्रकाशित गरी ठेक्का प्रकृया अधि बढाई हाल विभिन्न व्यक्ति / फर्मबाट बोलपत्र दाखिला भई उक्त बोलपत्रहरु मुल्यांकनको चरणमा छ ।

यसै विषयमा ढुङ्गा गिट्टी बालुवा जिल्ला अनुगमन एवं समन्वय समितिको मिति २०७३।५।१ को निर्णयबाट जिल्ला विकास समितिले आव्हान गरेको उल्लेखित ठेक्काको सम्बन्धमा भएको निर्णय समेतलाई मध्यनजर गरी विभिन्न सरोकार पक्षसंग गरिएको परामर्श, छलफल एवं प्राप्त हुन आएको राय सुझाव समेतका अधारमा स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ एवं आर्थिक प्रशासन नियमावली,२०६४ मा भएको व्यवस्था अनुसार जिल्ला भित्र रहेको प्राकृतिक श्रोतको व्यवस्थापन एवं कर उठाउने अधिकार जिल्ला विकास समितिलाई रहेकोले सोही बमोजिम हरेक आ.व.मा जिल्ला विकास समितिले आफ्नो जिल्ला भित्र ढुङ्गा गिट्टी बालुवा एवं माटो व्यवस्थापन गर्ने एवं प्राकुतिक श्रोतमा कर लगाई आन्तरिक आय उठाउने गर्दछ । सोही अनुसार जि.वि.स.काठमाण्डौले पनि विगत देखि यस जिल्ला भित्र आन्तरिक खपत हुने र वाहिरी जिल्लामा निकाशी हुने ढुङ्गा बालुवा एवं माटोमा जिल्ला परिषदले तोकेको दर रेटमा कर लगाई सो कर ठेकेदार मार्फत उठाउँदै आएकोमा यस आ.व.मा समेत कर उठाउन ठेक्का आव्हान गरी ठेक्का मुल्यांकनको चरणमा रहेको छ । जिल्ला भित्र रहेका बालुवा प्रशोधन उद्योग (वासिङ्ग /फिरफिरे) हरु मध्ये कुन कुनले तोकिएका मापदण्ड/शर्त पुरा गरी चालु आ.व.मा पनि सञ्चालनमा रहन्छन, कुन कुन खानीहरु नविकरण हुन्छन जस्ता विषयमा पुर्वानुमान गर्न कठिन हुने भएकाले कानुन बमोजिम दर्ता भई नियमानुसार सञ्चालनमा रहेका खानी/प्रशोधन उद्योग वा अन्य श्रोतबाट तोकिएको विधि प्रकृया पुरा गरी उत्खनन् /संकलन /प्रशोधन भई विक्री वितरणका लागी सवारी साधनहरुमा राखी ओसार पसार वा निकासी गर्ने क्रममा त्यस्ता सवारी साधनसंग कर लगाउने प्रयोजनका लागी नियमानुसार ठेक्का आव्हान गरिएको हो ।

हालको ठेक्का प्रकृया रद्ध गरिएमा जि.वि.स.लाई प्राप्त हुने राजश्व अनिश्चित भई आन्तरिक आय घट्न सक्ने, नियमानुसार सूचना प्रकाशित गरेर प्राप्त बोलपत्रहरु मुल्यांकन नगरी रद्ध गर्दा जनमानसमा जि.वि.स.प्रतिको विश्वास घट्न सक्ने । रद्ध गरी पुनः वोलपत्र आहवान गर्दा फेरी टेण्डर नपर्ने वा कम रकम मात्र कबोल गरी पेश हुन सक्ने समेत जोखिम रहेकोले हालको ठेक्का प्रकृयालाई अगाडी बढाउने निर्णय गरियो ।